# वीरगञ्ज उद्योग वाणिज्य सङ्घ
# Birgunj Chamber of Commerce & Industries

BiCCI

वीरगञ्ज महानगरपालिका वडा नं. ४
जिल्ला पर्सा, मधेश प्रदेश, नेपाल

सदस्य : नेपाल उद्योग वाणिज्य महासंघ


पत्र संख्या :

## प्रेस विज्ञप्ति

नेपाल सरकारले २०८२ चैत्र २६ गतेको प्रकाशित सूचना अनुसार भंसार बिन्दुमा आउने सामान तथा स्वदेशमा उत्पादन हुने सामानमा अनिवार्य MRP हुनुपर्ने भनि उल्लेख गरेको छ ।

एकाएक हठात् रुपमा MRP लागु गर्न सम्भव नभएको र यसले आयात तथा आन्तरिक बजारमा नकारात्मक प्रभाव पर्ने भएकोले यस सङ्घको धारणा निम्न भएको अनुरोध गर्दछौं ।

१. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (ञ) मा व्यवस्था भएको भनि सरोकारवालासँग व्यापक अन्तरसंवाद र छलफल नै नगरी हठात् एकपक्षीय रुपमा एम.आर.पी. लगाउने निर्णय निजीक्षेत्रमैत्री नभएको ।

२. छिमेकी मुलुक भारतमा एम.आर.पी केवल FMCG र साना मेशिनरी सामानमा मात्र लगाइएको छ भने हामी कहाँ सबै वस्तु र सामानमा लगाउनुपर्ने ऐनको बाध्यकारी व्यवस्था अव्यवहारिक छ ।

३. प्रति क्षण परिवर्तन भइरहेको अन्तर्राष्ट्रिय बजार मूल्य, अन्तर्राष्ट्रिय मुद्राको यस युगमा आयातित मालसामानको मूल्य निर्धारण प्रक्रिया के हुने ? यसको मापन गर्ने उपकरण कसलाई मान्ने ?

४. जबसम्म यस्तो विरोधाभाषपूर्ण अवस्था र अन्तर्राष्ट्रिय मुद्रा (USD) तथा अन्तर्राष्ट्रिय बजार मूल्यलाई सामान्जस्यता गरिँदैन तबसम्म एम.आर.पी. लगाउन नमिल्ने भएकोले पहिलो चरणमा स्वदेशी बजार र अन्तर्राष्ट्रिय बजारको अध्ययन अवलोकन, निजीक्षेत्रसँग सल्लाह र छलफल गरी उपभोक्ता हितका लागि एउटा मापदण्ड निर्धारण गरेर अघि बढ्नुपर्ने ।

५. सानो बजार, सानो अर्थतन्त्र भएको हाम्रो जस्तो देशमा स-साना खुद्रा बिक्रेताले पाउनुपर्ने निश्चित नाफा (आर्जन) का आधार कसरी तय गर्नुपर्ने ।

६. माथि भनिए जस्तै सानो अर्थतन्त्र भएको हाम्रो देशमा आयातकर्ताहरुले आयात गर्ने सामानको परिमाण पनि थोरै हुने भएकोले भारत तथा तेस्रो मुलुकका निर्यातकर्ताहरुले आयातित मालवस्तुमा MRP किटान गरेर मालसामान पठाउन नमान्ने भएकोले समस्या सिर्जना हुने ।

७. नेपाली आयातकर्ताहरुले एउटा हार्मोनिक कोड अन्तर्गत रहेका मालसामान आयात गर्ने तर भंसार बिन्दुमा उक्त मालसामानको हार्मोनिक कोड परिवर्तन गरी भंसार महसुल लिने प्रचलन अत्यधिक रहेकोले एम.आर.पी. निर्धारित गर्न कठिनाई हुने ।

८. सरकारको नीतिगत व्यवस्था अनुसार एम.आर.पी.को ४० प्रतिशतदेखि ५० प्रतिशत भंसार मूल्यांकन गर्ने व्यवस्था छ । जुन व्यवहारिक छैन । यसले आयातकर्ता र भंसार प्रशासन बीच विरोधको अवस्था सिर्जना गर्ने भएकोले अनौपचारिक माध्यमबाट मालवस्तु आउने परिमाणमा वृद्धि हुने ।

९. अतः यी लगायत अनेकानेक प्रक्रियागत, व्यवहारिक कठिनाईका कारण हाललाई एम.आर.पी. लगाउने विषयलाई गहन अध्ययन, विश्लेषण गर्ने गरी प्रथम चरणमा एउटा सशक्त र परिणाममुखी निजीक्षेत्र सम्मिलित समिति बनाएर बजार अनुसन्धान गर्न तत्पश्चात् समितिको सिफारिस र अध्ययनबाट आएका विषयलाई प्राथमिकतामा राखेर समितिले निर्दिष्ट गरेका विषयहरुलाई अभियानकै रुपमा निजीक्षेत्र समेतको सहभागितामा एम.आर.पी. लागु गर्नुपर्ने सङ्घको धारणा रहेको छ ।

आज वीरगञ्ज भंसार लगायत अधिराज्यका भंसार कार्यालयबाट आयातित सामानको भंसार पास भएको छैन । यसले मुलुकको आपूर्ति शृङ्खलामा नकारात्मक असर पर्ने, राजस्व उठ्न नसकने र अन्ततः मुलुक नै चल्न नसक्ने भएकोले हाम्रो माग अनुसार तत्काल यो समस्याको समाधानको लागि नेपाल सरकारसँग जोडदार माग गर्दछौं ।

**हरिप्रसाद गौतम**
(अध्यक्ष)